आज मिति २०८१ साल फागुन २५ गते दिनको १० : ०० बजे यस सुनिंलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को दशौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | भुपेन्द्र खड्का | आलेप | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | सहयोगी | |

मणिराम वुढाथोकी
अध्यक्ष

## दशौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. दोश्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) आशय पत्र पेश गर्ने सम्बन्धमा ।
४. पत्रकारिता तालिम सञ्चालन सम्बन्धमा ।
५. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि सिफारिस समिति गठन सम्बन्धमा ।
६. अटो तथा ई-रिक्सा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
७. वित्तिय समानिकरण अनुदान तर्फका कार्यक्रम सम्बन्धमा ।
८. विविध छलफल सम्बन्धमा ।

## २०८१ फागुन २५ गते बसेको दशौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | दोश्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.व. को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई गर्न आवश्यक रहेको । | चालु आ.व.को दोश्रो चौमासिकमा गाउँपालिका तथा मातहतका कार्यालय र निकायबाट भएका क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ मिति २०८१/१२/२१ गते बिहिबारका दिन वडा नं. १ को कार्यालय घोडागाउँमा दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) आशय पत्र पेश गर्ने सम्बन्धमा । | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) का लागि आशय पत्र पेश गर्न आवश्यक रहेको । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौंको मिति २०८१/११/१५ गते प्रकाशित सूचना बमोजिम देहाय बमोजिमको इच्छा र प्रतिबद्धता व्यक्त गर्नेगरी आशय पत्र पेश गर्ने ।<br>देहाय :-<br>क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रकृया अवलम्वन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने ।<br>ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि अवलम्वन गर्ने ।<br>ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने ।<br>२) वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन प्रतिवद्धता ।<br>३) पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन इच्छा र प्रतिबद्धता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | पत्रकारिता तालिम सञ्चालन सम्बन्धमा । | गाउँपालिका स्तरीय पत्रकारी तालिमको आयोजना गर्न आवश्यक रहेको । | नेपाल पत्रकार महासंघ रोल्पाको मिति २०८१/११/१२ गतेको पत्रानुसार पत्रकारीता तालिम सञ्चालनका सम्बन्धमा पत्र प्राप्त भएको र उक्त तालिम सञ्चालनका लागि चालु आ.व.को वार्षिक स्वीकृत कार्यक्रम अनुसार १२००००।- (अक्षरुपी एक लाख विस हजार रुपैया) विनियोजन भएको हुदाँ सवै वडाहरुबाट ४/४ जनाको सहभागी रहने गरी सुलिचौरमा पत्रकारीता तालिमको आयोजना गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि सिफारिस समिति गठन सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि सिफारिस समिति गठन गर्न आवश्यक रहेको । | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने ।<br>तपसिल<br>क) गाउँपालिका उपाध्यक्ष -संयोजक<br>ख) सम्बन्धित वडाका कार्यपालिका सदस्य -सदस्य<br>ग) सम्बन्धित वडाका साइड ईन्चार्ज – सदस्य<br>घ) योजना अधिकृत -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | अटो तथा ई-रिक्सा व्यवस्थापन समिति गठन सम्बन्धमा । | अटो तथा ई-रिक्सा व्यवस्थापन समिति गठन गर्न आवश्यक रहेको । | अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ३ को उपदफा (१) बमोजिम तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्ने ।<br>तपसिल<br>क) गाउँपालिका अध्यक्ष -अध्यक्ष<br>ख) गाउँपालिका उपाध्यक्ष -सदस्य<br>ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>घ) आर्थिक विकास समिति संयोजक-सदस्य<br>ङ) ईलाका प्रहरी कार्यालय सुलिचौरका प्रमुख -सदस्य<br>च) अस्थायी ट्राफिक कार्यालय सुलिचौरका प्रमुख -सदस्य<br>छ) त्रिपुरेश्वरी अटो सेवा प्रा.ली. सुलिचौरका अध्यक्ष -सदस्य<br>ज) राजश्व शाखा प्रमुख -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | वित्तिय समानिकरण अनुदान तर्फका कार्यक्रम सम्बन्धमा । | वित्तिय समानिकरण अनुदान तर्फका कार्यक्रम | महालेखा नियन्त्रण कार्यालय (बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा)को च.नं. ५१, मिति २०८१/११/१३ गतेको पत्रानुसार तेश्रो किस्ता वापतको २५% मध्ये २१.०८% (अर्थात् कूल स्वीकृत बार्षिक बजेट मध्ये तेश्रो किस्ता सम्मको ७१.०८% मा नवढ्ने गरी) वित्तिय समानीकरण अनुदान हस्तान्तरण हुने भएको हुदाँ वित्तिय समानीकरण अनुदान तर्फको योजना तथा कार्यक्रमहरु चैत्र १० गतेसम्म संझौता भएका योजना/कार्यक्रम कार्यान्वयन गर्ने र सो भन्दा पछि योजना/कार्यक्रम संझौता नगर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) मुहान दर्ता सम्बन्धमा । | क) सुनिलस्मृति गाउँपालिकाको मिति २०८१/१०/२५ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ देहाय बमोजिमको समितिहरुलाई जलश्रोत उपभोक्ता समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउने ।<br>देहाय :-<br>१) छिर्ने खानेपानी उपभोक्ता तथा सरसफाई समिति ।<br>२) घोरन्त लिफ्ट खानेपानी उपभोक्ता तथा सरसफाई समिति स्किम नं. २<br>३) हरिगाउँ एक घर एक धारा खानेपानी आयोजना उपभोक्ता तथा सरसफाइ समिति ।<br>४) अरेश चिन्ने खानेपानी उपभोक्ता तथा सरसफाई समिति ।<br>५) धाराखर्क एक घर एक धारा खानेपानी उपभोक्ता तथा सरसफाई समिति । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) कार्यविधि स्वीकृत तथा संशोधन सम्बन्धमा । | ख) उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि- २०८१ लाई स्वीकृत गर्ने र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७ को पहिलो संशोधन गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

भपिराम कुमाँकी
अध्यक्ष